# माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक क्षतिको एक अध्ययन
## वनियानी, झापा

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


**शोधकर्ता**

गायत्रा भट्टराई

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर

क्याम्पस क्रमांक : ५५३

परीक्षा रोल नं. : २८००३३

त्रि.वि. दर्ता नं.: ९-२-८२८-१४-२००९

भर्ना वर्ष : २०७०

क्र.सं. : ४९१



शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०७४

# सिफारिस-पत्र (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक क्षतिको एक अध्ययन; बनियानी, झापा"** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा गायत्रा भट्टराईले तयार पार्नुभएको हो । उक्त शोधपत्र स्वीकृतको लागि मूल्याङ्कन समितीमा सिफारिस गर्दछु ।

............................

**शोध निर्देशक**

उप-प्रा.मीनराज पौडेल

शिक्षा शास्त्र केन्द्रिय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : २०७४/२/२८

Date : 11 June 2017

# स्वीकृति-पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक क्षतिको एक अध्ययन; बनियानी, झापा"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिकालागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | |
|---|---|
| १) विभागीय प्रमुख तथा शोध निर्देशक | ................................ |
| | उप-प्रा. मीनराज पौडेल |
| २) बाह्य सुपरिवेक्षक | ..................................... |
| | सह प्रा. निलमणी पोखेल |
| ३) DRC सदस्य | ...................................... |
| | प्रा.डा. ध्रुबराज शिवाकोटी |

मिति : २०७४/०३/२५
Date : 9 July 2017

## कृतज्ञताज्ञापन (ACKNOWLEDGMENT)

**"माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक क्षतिको एक अध्ययन; बनियानी, झापा "** शोधपत्रको शीर्षक भएकाले यससँग सम्बन्धित रहेर विस्तृत अध्ययन हुनुपर्ने आवश्यकता महसुस गर्दै त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र विभाग, अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्तर चौँथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्ति गर्ने प्रयोजन स्वरुप यस शोधपत्र प्रस्तुत गरेकी छु ।

अनुसन्धान एक विशिष्ट र गहन अध्ययन प्रक्रिया भएकाले यसलाई सम्पन्न गर्नका लागि विविध पक्ष एवम् क्षेत्रबाट सहयोग प्राप्त भएको छ । सर्वप्रथम यस शोधपत्र तयार पार्ने शिलशिलामा मलाई शिर्षक चयनदेखि लिएर यसको लेखन सम्पादनको लागि आफ्नो व्यस्त समयको बाबजुद पनि निरन्तर सुझाव, सल्लाह, प्रेरणा र उत्साह दिई कुशल मार्गनिर्देशन प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागिय प्रमूख तथा शोध निर्देशक श्रद्धेय गुरु उप प्रा. मिन राज पौडेललाई हृदयबाट नै धन्यवाद ज्ञापन गर्दछु । यस अध्ययनलाई सफल बनाउनका लागि आवश्यक प्रेरणा, उत्साह साथै हौसला प्रदान गर्नुहुने सधै मार्गदर्शकका रुपमा रहनु हुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. महेशराज दाहाल, प्रा.डा. ध्रुवराज शिवाकोटी, शि.स. पद्मा कोइराला र आ.शि जगदिश मूर्ति कोइराला लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुजनहरु प्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अनुसन्धानका क्रममा स्थलगत अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्ने आवश्यक सहयोग गरी खुलस्त रुपमा प्रश्नहरुको उत्तर प्रस्तुत गर्नुहुने श्री लक्ष्मी उ.मा.वि. र विद्या निकेतन मा.वि. परिवार, अध्ययनसँग सम्बन्धि विद्यार्थीहरु र तिनिहरुका अभिभावकहरु, शिक्षक, प्राध्यापक, वि.व्य.स. पधाधिकारी ज्यूहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयार गर्ने क्रममा तथ्याङ्क संकलन गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने मेरा सहपाठी मित्रहरुप्रति पनि आभारी छु । विश्वविद्यालयको उपाधी हासिल गर्न सदैव साथ, माया र प्रेरणा दिनुहुने मेरा परिवारजनप्रति आभार प्रकट गर्दछु । शोधपत्र निर्माण गर्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामाग्रीको आदरणीय रचनाकारहरुप्रति स-धन्यवाद दिन चाहन्छु । अन्त्यमा अथक परिश्रमका साथ कम्प्युटर टाइप गरी शोध कार्यलाई पूर्णता प्रदान गरिदिनु हुने प्रकृति फोटोकपी सेन्टरप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

<u>गायत्रा भट्टराई</u>

# सारसंक्षेप (ABSTRACT)

"माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक क्षतिको एक अध्ययन; बनियानी, झापा" शिर्षक राखी गरिएको यस अध्ययनको मुख्य उद्देश्य माध्यमिक तहको विद्यार्थी प्रवाह दर पत्ता लगाउनु, माध्यमिक तहको शैक्षिक क्षति गणना गर्नु र माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस उद्देश्यलाई प्राप्त गर्न उद्देश्यमूलक नमुना छनोट अन्तर्गत बनियानी गा.वि.स लाई नमुना को रुपमा लिइएको छ भने उक्त गा.वि.स का दुई माध्यमिक विद्यालयहरू लक्ष्मी उच्च माध्यमिक विद्यालय र विद्या निकेतन माध्यमिक विद्यालयलाई शत प्रतिशत छनोट गरिएको छ । त्यसैगरी विद्यालयका विद्यार्थी, शिक्षक र प्रधानाध्यापक पनि शत प्रतिशत नै छनोट गरिएको छ ।

यस अध्ययनका लागि शोधकर्ता स्वयम् उपस्थित भई विद्यालयमा विद्यार्थी प्रवाहदरको अवस्था थाहा पाउन विद्यार्थी, अभिभावक, प्र.अ., विद्यालय परिवार, जिम्मेवार निकाय समेतलाई प्रत्यक्ष तथा अप्रत्यक्ष अर्न्तवार्ता, प्रश्नोत्तर, छलफल आदि कार्य सञ्चालन गरिएको छ । यसकालागि तथ्याङ्क संकलन कार्य गुणात्मक साथै परिमाणात्मक विधिबाट प्राथमिक र आवश्यक परेका तथ्याङ्क द्वितिय स्रोतका माध्यमबाट संकलन गरी प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार तालिकामा प्रस्तुत गरी तिनको व्याख्या र विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्न छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकलाई प्रत्यक्ष अर्न्तवार्ता लिइ तथ्याङ्क संकलन गरिएको छ । द्वितीय तथ्याङ्कहरु विभिन्न लेख, रचना, पत्रपत्रिका, गा.वि.स., जि.वि.स.को कार्यालय, शिक्षा कार्यालय, केन्द्रिय तथ्याङ्क विभाग, अन्य प्रकाशित र अप्रकाशित तथ्याङ्कलाई साथै विद्यालयका विद्यार्थी अभिलेखबाट संकलन गरिएको छ ।

माध्यमिक विद्यालयमा विद्यार्थी प्रवाहदरलाई हेर्दा माध्यमिक तहमा वार्षिक औषत ७ सय ६७ जना विद्यार्थी भर्ना भएको देखियो, जसमा ४६.८८ प्रतिशत छात्रा रहेका छन् भने ५३.०९ प्रतिशत छात्र रहेको छ । तीनवटा शैक्षिक वर्षको औषत प्राप्तांकलाई हेर्दा माध्यमिक तहको उर्त्तिण दर ८५ प्रतिशत रहेको छ । त्यस्तै, कक्षा दोहोऱ्याउने दर १३.८९ प्रतिशत रहेको छ भने विचैमा कक्षा छोड्ने दर १.५१ प्रतिशत  रहेको छ ।

माध्यमिक विद्यालयहरुको माध्यमिक तहको शैक्षिक क्षति गणना गर्दा शैक्षिक वर्ष २०७० मा १.५९ छ भने आन्तरिक दक्षता ६३ प्रतिशत रहेको छ । यस्तै, शैक्षिक वर्ष २०७१ मा शैक्षिक क्षति १.७५ रहेको छ

भने आन्तरिक दक्षता ५७ प्रतिशत रहेको छ, जसमा श्री लक्ष्मी उच्च माध्यमिक विद्यालयको औषत शैक्षिक क्षति १.७७ रहेको छ भने आन्तरिक दक्षता ५६ प्रतिशत छ । त्यस्तै गरि विद्या निकेतन माध्यमिक विद्यालयको औषत शैक्षिक क्षति १.०४ रहेको छ भने आन्तरिक दक्षता ९५ प्रतिशत रहेको छ।

माध्यमिक विद्यालयहरूको प्रत्येक शैक्षिक वर्षको औषत आम्दानी १ करोड, ३५ लाख २३ हजार, १ सय ९८ रुपैया ३३ पैसा रहेको छ । यसमा, कुल आम्दानीको ६५.२ प्रतिशत रकम अनुदान स्वरुप प्राप्त भएको छ जुन श्री लक्ष्मी उच्च माध्यमिक विद्यालयलाई मात्र प्राप्त भएको छ । त्यस्तैगरी, ०.१५ प्रतिशत छात्रवृत्तिबाट, ३५.०६ प्रतिशत  रकम विद्यार्थी शुल्क वापत र ०.५८ प्रतिशत रकम अन्य श्रोतहरूबाट सङ्कलन गरिएको पाइन्छ ।

माध्यमिक विद्यालयहरुको वार्षिक औषत लगानी १ करोड, २ लाख, ३७ हजार, ५ सय ९३ रुपैया ६७ पैसा रहेको पाइयो । जसमा कुल लगानीको ७३.०८ प्रतिशत शिक्षक तलव तथा भत्तामा खर्च भएको पाइन्छ । यस्तै, ५.९५ प्रतिशत शैक्षिक क्रियाकलापमा, २.२६ प्रतिशत मसलन्द खर्च, ०.२३ प्रतिशत छात्रवृत्तिमा, १५.६१ प्रतिशत रकम विद्यालयको पूजीँगत खर्च, २.८६ प्रतिशत रकम अन्य विभिध क्षेत्रमा खर्च हुने गरेको छ । तर अतिरिक्त क्रियाकलापमा खासै लगानी गरिएको देखिदैन ।

प्रति विद्यार्थी अभिभावकको औषत वार्षिक लगानी २३ हजार, ६ सय ३३ रुपैया ३३ पैसा रहेको छ । कूल लगानीको २.७५ प्रतिशत रकम भर्नामा खर्च हुने गरेको छ भने ३३.४३ प्रतिशत मासिक शूल्कमा, २४.१९ प्रतिशत खाजामा, ९.२४ प्रतिशत पोषाकमा, १५.३० प्रतिशत शैक्षिक सामाग्रीमा, १५.०९ प्रतिशत  अन्य विभिन्न क्षेत्रमा खर्च हुने गरेको छ । आर्थिक लगानीलाई हेर्दा श्री लक्ष्मी माध्यमिक विद्यालयमा सरकारी लगानी बढि रहेको पाइयो भने विद्या निकेतन माध्यमिक विद्यालयमा निजी लगानी बढी रहेको छ ।

माध्यमिक विद्यालयहरुको विगत तीनवटा शैक्षिक वर्षको एस.एल.सी. परिक्षाको शैक्षिक उपलब्धीलाई हेर्दा शैक्षिक वर्ष २०७० मा जम्मा उर्त्तिण प्रतिशत ७०.३ रहेको छ भने शैक्षिक वर्ष २०७१ मा उर्त्तिण प्रतिशत वृद्धि भएर ७७.०५ प्रतिशत भएको छ । यस्तै शैक्षिक वर्ष २०७२ मा यसमा केहि ह्रास भएर ७६.२४ प्रतिशत भएको छ । उत्तिर्ण प्रतिशतमा ह्रास भएपनि यस शैक्षिक वर्ष २०७२ मा विद्यार्थीको

प्रप्ताङ्कमा भने क्रमशः वृद्धि भएको छ । यसैगरि, वार्षिक औषत उर्त्तिण प्रतिशत ७४.५६ रहेको छ । तिन शैक्षिक वर्षमा जम्मा ८ सय ६१ परिक्षार्थी मध्ये ४० जना विशिष्ट श्रेणी र १ सय ८९ जना प्रथम श्रेणी , ३२२ जना द्धितिय श्रेणी र ९२ जना तृतिय श्रेणी गरि जम्मा ६ सय ४३ जना उत्तिर्ण भएको छ । अर्थात्, जम्मा उत्तिर्ण प्रतिशत ७४.६८ प्रतिशत मात्र रहेको छ ।

माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तूलना गर्दा शैक्षिक वर्ष २०७० मा विद्यालयको कूल लगानी ९१ लाख, ५० हजार, १ सय ६५ रहेको छ र अभिभावकको लगानी २१ हजार ५० रहेको छ भने जम्मा विद्यार्थी उत्तिर्ण प्रतिशत ७०.३ प्रतिशत रहेको छ । यसैगरी, शैक्षिक वर्ष २०७१ मा आर्थिक लगानीमा वृद्धि गर्दा शैक्षिक उपलब्धीमा पनि करिब ७ प्रतिशतले वृद्धि भएको भएको छ । यस्तै, शैक्षिक वर्ष २०७२ मा आर्थिक लगानीमा वृद्धि गर्दा शैक्षिक उपलब्धीमा भने खासै वृद्धि भएन तर प्राप्ताङ्क भने वृद्धि भएको छ । यसरी हेर्दा पछिल्लो शैक्षिक वर्षमा आर्थिक लगानीमा वृद्धि गर्दा विद्यार्थी उत्तिर्ण प्रतिशतमा वृद्धि नभएको देखिए पनि विद्यार्थीको प्राप्ताङ्क र उत्तिर्ण सङ्ख्यामा भने वृद्धि भएको छ ।

अन्त्यमा, माध्यमिक तहमा लगानी भए अनुरुप शैक्षिक क्षति वढिरहेको छ भने अपेक्षित शैक्षिक उपलब्धी प्राप्त हुन सकेको छैन । यसलाई कम गर्न र शैक्षिक उपलब्धीमा वृद्धि गर्न छात्रवृत्तिमा लगानी वृद्धि गर्नुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधि अवलम्वन गर्नुपर्ने, शैक्षिक प्रणालीको निरन्तर अनुगमन गर्नुपर्ने, समय-समयमा शिक्षक अभिभावक भेला राख्नुपर्ने र आगामी अनूसन्धानकालागि सूझावहरु प्रस्तुत गरिएको छ ।

# विषयसूची (CONTENTS)


| | पृष्ठ |
|---|---|
| **सिफारिस पत्र (RECOMMENDATION LETTER)** | **i** |
| **स्वीकृति पत्र(APPROVAL LETTER)** | **ii** |
| **कृतज्ञताज्ञापन (ACKNOWLEDGEMENT)** | **iii** |
| **सारसंक्षेप (ABSTRACT)** | **isv** |
| **विषय सूची(TABLE OF CONTENTS)** | **vii** |
| **तालिका सूची(LIST OF TABLE)** | **xii** |
| **संक्षिप्त शब्दावली (ABBREVIATION)** | **xiii** |
| **अध्याय-एक (CHAPTER-ONE)** | |
| **१. परिचय (INTRODUCTION)** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) | १ |
| १.२ समस्याको कथन (Statement of the Problems) | ५ |
| १.३ अध्ययनको उद्देश्य (Objectives of the Study) | ६ |
| १.४ अनुसन्धान प्रश्न (Research Questions) | ६ |
| १.५ अध्ययनको औचित्य (Significance of the Study) | ७ |
| १.६ प्रमूख शब्दावलीको परिभाषा (Definition of  Key Words) | ८ |
| १.७ अध्ययनका परिसीमाहरु (Delimitations of the Study) | ९ |
| १.८ अध्ययनकको संगठन (Organization of the Study) | ९ |
| **अध्याय-दुई (CHAPTER-TWO)** | |
| **२. सम्बन्धित साहित्यको पूनरावलोकन (REVIEW OF RELATED LITERATURE)** | **१०-१९** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature) | १० |
| २.२ पूर्व अनुसन्धानको समिक्षा (Review of Previous Study) | १२ |
| २.३ अध्ययनमा पूर्व साहित्यको प्रयोग (Implication of the Review of Literatures for the Research) | १६ |
| २.४ अनुसन्धान अन्तर (Research Gap) | १७ |
| २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) | १८ |
| २.६ कार्यात्मक ढाँचा (Functional Framework) | १८ |

**अध्याय-तीन (CHAPTER-THREE)**

**३. अनुसन्धान विधि र प्रक्रिया (RESEARCH METHOD AND PROCEDURES)** **२०-२५**

३.१ अनुसन्धान ढाँचा (Research Design) २०

३.२ तथ्याङ्क सङ्कलनको स्रोत (Sources of Data) २०

३.२.१ प्राथमिक स्रोत (Primary Sources) २०

३.२.२ द्वितीय स्रोत (Secondary Sources) २१

३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २१

३.३.१ जनसङ्ख्या (Population) २१

३.३.२ नमुना आकार (Sample Size) २१

३.३.३ नमुना छनौट रणनीति (Sampling Strategy) २१

३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area) २२

३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection) २२

३.५.१ प्रश्नावली (Questionnaire) २२

३.५.२ अवलोकन सूची (Observation List) २३

३.५.३ विद्यालय सर्वेक्षण फारम (School Survey Form) २३

३.५.४ छलफल निर्देशिका (Discussion Gride) २३

३.६ तथ्याङ्क संलकन प्रविधि (Techniques of Data Collection) २३

३.६.१ अर्न्तवार्ता (Interview) २३

३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation) २४

३.६.३ फारम भराउने (Form Fill) २४

३.६.४ लक्षित समूह छलफल (Focus Group Discussion) २४

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure) २४

३.८ नीतिगत प्रावधान (Ethical Consideration) २४

## अध्याय-चार (CHAPTER-FOUR)

**४. तथ्यांकको व्याख्या तथा विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA) २६-५९**

४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area) २६

४.१.१ झापा जिल्लाको परिचय (Introduction to Jhapa District) २६

४.१.२ बनियानी गा.वि.स. को परिचय (Introduction to Baniyani V.D.C.) ३१

४.२ माध्यमिक तहको शैक्षिक प्रवाहदर (Educational Flow rate of Secondary Level) ३४

४.२.१ विद्यार्थी भर्नादर (Students Enrolment Rate) ३५

४.२.२ माध्यमिक तहको विद्यार्थी प्रवाहदर (Student's Flow rate of Secondary Level) ३७

४.३ माध्यमिक तहको शैक्षिक क्षति (Educational Wastage of Secondary Level) ३८

४.३.१ श्री लक्ष्मी उ.मा.वि. को माध्यमिक तहको शैक्षिक क्षति (Educational Wastage of Secondary Level of Shree Laxmi H.S.S.) ३८

४.३.२ विद्या निकेतन मा.वि. को माध्यमिक तहको शैक्षिक क्षति (Educational Wastage of Secondary Level of Vidya Niketan S.S.) ४१

४.३.३ माध्यमिक विद्यालयहरुको शैक्षिक क्षति (Educational Wastage of Secondary Schools) ४४

४.४ माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धिको तुलना (Comparison between Investment and Educational Achievement on Secondary Level) ४७

४.४.१ माध्यमिक विद्यालयहरुको आर्थिक लगानी (Economic Investment of Secondary Schools) ४७

४.४.२ शैक्षिक उपलब्धी (Educational Achievement) ५४

४.४.३ आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलना (Comparision between Economic Investment and Educational Achievement) ५५

४.५ सारांश (Summary) ५६

## अध्याय पाँच (CHAPTER FIVE)

**५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATION) ६०-६५**

५.१ निष्कर्ष (Conclusion) ६०

५.२ सुझावहरु (Recommendation) ६२
५.२.१ नीतिगत तहमा सुझाव (Recommendation to Policy Maker) ६२
५.२.२ अभ्यास तहमा सुझाव (Recommendation Practice Level) ६३
५.२.३ अनुसन्धानतहमा सुझावहरु (Recommendation to Future Research) ६४
**सन्दर्भ सामग्री (References)**
**अनुसूची (Appendices)**

# तालिका सूची (LIST OF TABLE)


तालिका ४.१ : झापा जिल्लाको भू उपयोगको अवस्था - २०६८ २८

तालिका ४.२ : झापा जिल्लाको शैक्षिक संस्थाहरुको अवस्था - २०६८ २९

तालिका ४.३ : झापा जिल्लाको उद्योगहरुको अवस्था - २०६८ ३०

तालिका ४.४ : बनियानी गा.वि.स. को वडागत जनसङ्ख्या र घरधुरी - २०६८ ३१

तालिका ४.५ : बनियानी गा.वि.स. को साक्षरता दर - २०६८ ३२

तालिका ४.६ : बनियानी गा.वि.स. का शैक्षिक अवस्था -२०६८ ३३

तालिका ४.७ : बनियानी गा.वि.स. का पेशागत अवस्था -२०६८ ३४

तालिका ४.८ : माध्यमिक विद्यालयको कुल विद्यार्थी सङख्या -२०७३ ३५

तालिका ४.९ : माध्यमिक तहको विद्यार्थी भर्नादर २०७० - २०७२ ३६

तालिका ४.१० : माध्यमिक तहको विद्यार्थी प्रवाहदर २०७० -२०७२ ३७

तालिका ४.११ : श्री लक्ष्मी उ.मा.वि. को माध्यमिक तहको शैक्षिक क्षति -२०७० ३९

तालिका ४.१२ : श्री लक्ष्मी उ.मा.वि. को माध्यमिक तहको शैक्षिक क्षति -२०७१ ४०

तालिका ४.१३ : विद्या निकेतन मा.वि. को माध्यमिक तहको शैक्षिक क्षति -२०७० ४२

तालिका ४.१४ : विद्या निकेतन मा.वि. को माध्यमिक तहको शैक्षिक क्षति -२०७१ ४३

तालिका ४.१५ : माध्यमिक विद्यालयहरुको शैक्षिक क्षति -२०७० ४४

तालिका ४.१६ : माध्यमिक विद्यालयहरुको शैक्षिक क्षति -२०७१ ४६

तालिका ४.१७ : माध्यमिक विद्यालयहरुको भौतिक संरचना - २०७३ ४८

तालिका ४.१८: माध्यमिक विद्यालयहरुको आम्दानी विवरण २०७० - २०७२ ४९

तालिका ४.१९ : माध्यमिक विद्यालयहरुको लगानीको विवरण २०७० - २०७२ ५१

तालिका ४.२० : माध्यमिक तहमा गरिएको अभिभावकको लगानी २०७० - २०७२ ५३

तालिका ४.२१ : माध्यमिक विद्यालयहरुको एस.एल.सी.परिक्षाको शैक्षिक उपलब्धी २०७०-२०७२ ५४

तालिका ४.२२ : माध्यमिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलना २०७०-२०७२ ५५

## संक्षिप्त शब्दावली (ABBREVIATION)

| | | |
|---|---|---|
| **प्रा.वि.** | = | प्राथमिक विद्यालय |
| **मा.वि.** | = | माध्यमिक विद्यालय |
| **उ.मा.वि.** | = | उच्च माध्यमिक विद्यालय |
| **प्र.अ.** | = | प्रधानाध्यापक |
| **वि.व्य.स.** | = | विद्यालय व्यवस्थापन समिति |
| **आ.व.** | = | आर्थिक वर्ष |
| **शै.व.** | = | शैक्षिक वर्ष |
| **%** | = | प्रतिशत |
| **जि.शि.का** | = | जिल्ला शिक्षा कार्यालय |
| **जि.वि.स.** | = | जिल्ला विकास समिति |
| **गा.वि.स.** | = | गाउँ विकास समिति |
| **वि.सं.** | = | विद्यार्थी सङ्ख्या |
| **क्र.सं.** | = | क्रम सङ्ख्या |
| **रा.यो.आ.** | = | राष्ट्रिय योजना आयोग |